अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १९/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/१०/१८

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | उपस्थित |
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | उपस्थित |
| प्राविधिक सहायक शिक्षा | श्री समिरा दाहाल | उपस्थित |
| सहायक , प्रशासन शाखा | श्री सौजन कटुवाल | उपस्थित |

**मिति २०७७ साल माघ १८ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो ।**

१. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट मिति २०७७/१०/०६ मा प्रकाशित राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना बमोजिम उक्त कार्यक्रममा सहभागिताका लागि इच्छुक अर्जुनधारा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट पेश भएका प्रस्तावहरुलाई प्राथमिकिकिरण गरी शिक्षा विकास तथा समन्वय इकाइ, झापामा पेश गर्ने निर्णय गरियो ।

| प्राथमिता क्रम | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनता मा. वि. अर्जुनधारा- ३ | भौतिक पूर्वाधार | २५००००० | |
| २ | श्री लक्ष्मी मा. वि. अर्जुनधारा -६ | भौतिक पूर्वाधार विकास र पुनःसंरचना | २५००००० | |
| | | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधी, | २२००००० | |
| | | नवप्रवर्तन र सिकाइ सामाग्री व्यवस्थापन | | |
| ३ | श्री सिंहदेवी मा. वि., अर्जुनधारा- १ | भौतिक पुर्वाधार अन्तर्गत भवन निर्माण | ३२६१४७८ | रु ७६१४७८ विद्यालयको साझेदारी रकम |
| ४ | श्री सिंहेश्वरी प्रा. वि., अर्जुनधारा- २ | विद्यालय हाता घेराबारा, | १५००००० | |
| | | छात्र/छात्रा शौ चालय, | ६२५००० | |
| | | खानेपानी व्यवस्थापन | २२५००० | |
| | | बालमैत्री व्यवस्थापन | १४०००० | |
| | | जम्मा | २४९०००० | |
| ५ | श्री सिंहवाहिनी प्रा. वि., अर्जुनधारा — १० | भौतिक पूर्वाधार विकास र पुनःसंरचना | २०५०००० | |
| | | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधी, | ४५०००० | |
| ६ | श्री भानु मा. वि. अर्जुनधारा - ५ | वातावरणीय सुधार र आकर्षक हरित विद्यालय निर्माण | २५००००० | |
| ७ | श्री भिमले आ. वि., अर्जुनधारा — २ | urinal सहित ३ कोठे पक्की शौचालय | | |
| | | खानेपानीको लागि इनार निर्माण गरी मोटरद्वरा पानी ल्याउने | २५००००० | |
| ८ | श्री गणेश आ. वि. अर्जुनधारा - १ | गुणस्तरीय सिकाइका लागि सामग्री व्यवस्थापन | ७००००० | |
| ९ | श्री नवदुर्गा आ.वि., अर्जुनधारा -४ | विज्ञान प्रयोगशाला स्थापना | ७००००० | |
| | | पुस्तकालयको व्यवस्था | ६५०००० | |
| १० | श्री कालिस्थान मा. वि., अर्जुनधारा - ९ | खेलमैदान स्तरोन्नती | २७७६२३४.२७ | |
| ११ | श्री शनिश्चरे मा. वि., अर्जुनधारा — ८ | Interactive Flat Panel जडान | २५००००० | |
| १२ | श्री प्रा. वि., अर्जुनधारा - ९ | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि,नवप्रवर्तन र सिकाइ सामग्री | २७३९००० | |
| १३ | श्री अर्जुनधारा मा. वि. अर्जुनधारा — ४ | खेलमैदान मर्मत सम्भार र सुद्रढीकरण तथा खेल सामाग्री व्यवस्थापन | २५००००० | |
| | | कक्षा ९ र १० मा कम्प्युटर शिक्षा (प्राविधिक शिक्षक) व्यवस्थापन | | |

२. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत प्रत्येक वडाका लागि रु १ लाखका दरले सामाजिक सेवा अनुदानका लागि विनियोजित बजेट अनुसार तोकिए बमोजिमका लाभग्राहीहरुलाई वडा समितिको निर्णयानुसार अनुदान सहयोग उपलब्ध गराउन सम्बन्धित वडाका वडा सचिवहरुलाई कार्यालयबाट पेश्की उपलब्ध गराउने र उक्त पेश्की फछ्र्यौट भएपश्चात मात्र अर्को किस्ता पेश्की दिने र यस्तो पेश्की आर्थिक वर्षको अन्त्यमा अनिवार्य रुपमा फछ्र्यौट गरिसक्ने व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
साथै, अब उप्रान्त दैवीप्रकोप पिडित बाहेक अन्य अवस्थामा कुनै पनि किसिमको आर्थिक सहायताका लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस नगर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन/वडा कार्यालयहरु)

३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सुचिकृत भई प्राथमिकता निर्धारण भई रोजगार सेवा केन्द्रबाट पेश भएका अनुसुचि १ अनुसारका २८२ जना ( युवारुप तर्फ १०० जना र Cash For Work तर्फ १८२ जना ) व्यक्तिहरुको विवरण बैठकमा जानकारी भई अनुमोदन गरियो ।(रोजगार सेवा केन्द्र)

४. चालु आर्थिक वर्ष २०७७/०७८ को लागि नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा शिक्षा तर्फ प्राप्त विभिन्न अनुदान लगायत भौतिक पूर्वाधार निर्माण तर्फको कार्यक्रमको बजेट नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतका विभागहरुबाट स्वीकृत कार्यविधि र निर्देशिका अनुसार कार्यान्वयन गर्न नगर कार्यपालिकामा निर्णय गर्नु पर्ने भएमा सो निर्णयका लागि र नगर कार्यपालिकामा नभई नगर प्रमुखज्यू बाट स्वीकृत गर्नुपर्ने भएमा अविलम्ब निर्णय गरी कार्यान्वयनमा लैजान प्रमुख प्रशासकीय अधिकृत मार्फत शिक्षा शाखा अधिकृतस्तर नवौं तहका श्री तोयानाथ रेग्मीलाई मिति २०७७/१०/२५ भित्र निर्देशिका र कार्यविधिमा भएको व्यवस्थामा पछि सम्म फरक नपर्ने गरी तयार गरी अनिवार्य रुपमा पेश गर्न कार्यालय मार्फत निर्देशन दिने निर्णय गरियो ।(शिक्षा/क.प्र. शाखा)

५. अर्जुनधारा नगरपालिका वडा नं ८ बस्ने श्री पुष्प दंगालले निजको नाममा दर्ता कायम रहेको साविक पाराखोपी गा.वि.स. वडा नं १ हाल अर्जुनधारा नगरपालिका वडा नं ८ मा पर्ने कि.नं. ७०९ बाट ज.वि. ०-१-० स्वास्थ्य चौकी निर्माणका लागि निःशुल्क उपलब्ध गराउनुहुने भएको र उक्त जग्गामा स्वास्थ्य चौकी निर्माण गर्नु उपयुक्त हुने समेत रहेकाले उक्त जग्गा यस नगरपालिकाको नाममा रजिष्ट्रेसन पास गर्ने प्रयोजनका लागि सिफारिस गरिदिनुहुन झापा जिल्लाका श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू र मालपोत कार्यालय, भद्रपुरमा अनुरोध निर्णय गरियो ।(स्वास्थ्य/जिन्सी/क.प्र. शाखा)

६. अर्जुनधारा नगरपालिका शनिश्चरे अस्पतालको च.नं. ७६ मिति २०७७/१०/१६ को पत्रबाट उक्त अस्पतालमा सञ्चालित स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत स्वास्थ्य विमा औषधि पसल सञ्चालनका लागि मिति २०७७/११/०१ बाट लागू हुने गरी बहाल सम्झौता गरिएकोमा लामो समय सम्म भएको बन्दाबन्दीले उक्त पसल सञ्चालन हुन नसकेको हुनाले साविक बमोजिमकै शर्त तथा कबोल रकममा थप

१ वर्ष म्याद थपका लागि अस्पताल व्यवस्थापन समितिबाट निर्णय भई स्वीकृतिका लागि पेश भएकोमा पेश भए बमोजिम म्याद थपका लागि स्वीकृति दिने निर्णय गरियो ।(स्वास्थ्य शाखा)

७. अर्जुनधारा नगरपालिका खेलकुद विकास समितिको सदस्य सचिवको रुपमा कामकाज गर्ने गरी कार्यालयका सहायकस्तर पाचौं श्री तिवेन्द्र अधिकारीलाई जिम्मेवारी तोकिएकोमा उक्त जिम्मेवारी कार्यालयका सामुदायिक विकास शाखाका अधिकृतस्तर छैठौं श्री सुमित मगरलाई तोक्न कार्यालयलाई निर्देशन दिन निर्णय गरियो ।(कर्मचारी प्रशासन शाखा)

८. नेपाल सरकारको भूगोल तथा जनसङ्ख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैयासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नति गरिने नीति अनुसार अर्जुनधारा नगरपालिका वडा नं ९ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र, शनिश्चरेको स्तरोन्नति गरी अस्पताल निर्माणका लागि जग्गा प्राप्त भई सकेकाले उक्त स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नतिका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।(स्वास्थ्य शाखा)

९. अर्जुनधारा नगरपालिका भएर बहने बिरिङ्ग, टाङटिङ, ठूलो नेते लगायतका नदिहरुमा केही वर्ष देखि नदिजन्य सामाग्री उत्खनन नभई अत्याधिक मात्रामा नदिजन्य सामाग्री थुप्रिएर बसेको र सोका कारणले नदिले वहाव परिवर्तन गरी गाउँबस्तीमा पसी ठूलो मात्रामा जनधनको क्षति हुन सक्ने अवस्था रहेकाले ती नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन गर्नु आश्वयक रहेको साथै उक्त नदिजन्य सामाग्री उत्खनन गरेमा यस नगरपालिका, १ नं प्रदेश सरकार तथा संघीय सरकार समेतका लागि उल्लेखनिय मात्रामा राजश्व सङ्कलन हुन सक्ने, स्थानीय रोजगारी प्रवर्द्धन हुने तथा स्थानीय विकास निर्माणका लागि समेत निर्माण सामाग्री प्राप्त गर्ने लगायतका प्रशस्त सम्भावना रहेको हुनाले उक्त क्षेत्रबाट आगामी आर्थिक वर्ष २०७८/०७९ मा नदिजन्य सामाग्री उत्खननको आवश्यक व्यवस्था मिलाउन प्रचलित नेपाल सरकार, प्रदेश सरकार र यस नगरपालिकाको प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन नियम बमोजिम चालु आर्थिक वर्ष २०७७/०७८ मा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रस्तावक भई १ नं प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय विराटनगरको स्वीकृतिमा वातावरणीय प्रभाव मूल्याङ्कन ( Environmental Impact Assessment) गर्न तथा नदीजन्य पदार्थ बिक्री व्यवस्थाबाट राजश्व व्यवस्थापन लागि राष्ट्रपति चुरे तराई मधेश विकास समितिसँग आवश्यक सहमतिका लागि अनुरोध गर्ने र सो कार्यमा आवश्यक सहजिकरणका लागि श्री जिल्ला समन्वय समिति झापा, श्री जिल्ला प्रशासन कार्यालय झापा र श्री डिभिजन वन कार्यालय, भद्रपुर, झापासँग अनुरोध गर्ने निर्णय गरियो ।

१०. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम तथा बजेटबाट यस नगरपालिकाका सबै वडाहरुमा पाँच किलोमिटरका दरले डुबान कटानको समस्या रहेका स्थानहरुको सडक स्तरोन्नति तथा ग्राभल गर्न कार्यक्रम स्वीकृत भई बजेट समेत व्यवस्था भएको र उक्त कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खननका लागि यस नगरपालिका भित्रका राते, गोयाङ र सुखानी लगायतका उत्खनन स्थलहरुबाट नदीजन्य पदार्थ उत्खनन गर्नु उपयुक्त देखिएकाले सो कार्यका लागि यस कार्यपालिकाको स्वीकृत कार्यविधि अनुसार प्रारम्भिक वातावरणीय परीक्षण(IEE) गर्न तथा सो अनुसार उत्खनन गर्न आवश्यक सहमतिका लागि राष्ट्रपति चुरे तराई मधेश विकास समितिसँग अनुरोध गर्ने निर्णय गरियो ।

११. चालु आर्थिक वर्ष २०७७/०७८ को लागि साविक खुदुनाबारी गा.वि.स. र हालको अर्जुनधारा नगरपालिका स्थित बिरिङ्ग टाङटिङ र ठूलो नेते नदीको तोकिएको उत्खनन स्थलहरुमा नदीजन्य पदार्थ उत्खनन गरी विक्री व्यवस्थाको लागि कार्यालयबाट तोकिएको कार्यविधि अनुसार प्रारम्भिक वातावरणीय परीक्षण ( IEE) प्रतिवेदन स्वीकृत भई ठेक्का समेत लागिसकेको, उल्लिखित उत्खनन स्थलका केही खण्ड राष्ट्रपति चुरे- मधेश संरक्षण क्षेत्र अन्तर्गत पर्ने भएको र चुरे क्षेत्रमा विकास निर्माण गर्न अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड, २०७७ को परिच्छेद २ को दफा ५ को उपदफा (२) को व्यवस्था अनुसार जिल्ला अनुगमन समिति झापाबाट अनुगमन भई सिफारिस समेत प्राप्त गरी खण्ड (क) बमोजिम निम्नानुसारको नदी प्रणालीबाट नदीजन्य पदार्थ व्यवसायिक रुपमा उत्खनन गरी विक्री व्यवस्था मार्फत तीनै तहका सरकारको राजश्व व्यवस्थापन गर्न राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट सहमति माग गर्ने निर्णय गरियो ।

१२. यस अर्जुनधारा नगरपालिका वडा नं २ स्थित टाङटिङ खोला उत्तर झेलेनी स्थित ऐलेनी जमिनमा प्रस्तावित औद्योगिक ग्राम स्थापनाका लागि उक्त स्थानमा न्यूनतम १० विगाहा जग्गाको आवश्यकता रहेकाले उक्त जग्गाको उपभोग सहमतिका लागि झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१३. अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधिको दफा २ (३) बमोजिम पेश भएको ओलिजा कन्स्ट्रकस्सन एण्ड कम्पनी प्रा.लि. अर्जुनधारा-९ लाई प्रचलित नियमानुसार कामकाज गर्ने गरी नयाँ इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।( योजना/ प्राविधिक शाखा)

१४. गत वर्षको वर्षातको समयमा आएको बाढीको प्रकोप रोकथाम लागि तत्काल तारजाली प्रबन्धन गरिदिन विभिन्न वडाहरुबाट तारजाली माग भई आए अनुसार मिति २०७७/०३/१८ को कार्यपालिका बैठकबाट रु १० लाख बराबरको तारजाली खरिद गर्ने निर्णयानुसार कार्यालयबाट मिति २०७७/०३/२३ मा विभिन्न साइजका २२० थान तारजाली खरिद गर्ने निर्णय भई तत्काल तारजाली प्रबन्ध गर्न तत्कालिन कार्यालय प्रमुखबाट जीवीका इन्ड्रस्ट्रिज विर्तामोड-८ लाई तारजाली आपूर्ती गर्न कार्यदिश दिइएको र सोबाट रु ७,५६,३९३.७५ पैसा (सात लाख छपन्न हजार तिन सय त्रियानब्बे रुपैया पैसा पचहत्तर मात्र ) को दायित्व सृजना भई मिति २०७७/०३/३० मा नै भुक्तानीका लागि बिल पेश भएको ।उक्त समयमा उक्त बिल अनुसारको रकम भुक्तानीका लागि बजेट अभाव भई हुन भुक्तानी नसकेकोमा चालु आर्थिक वर्ष २०७७/०७८ को लागि विपद व्यवस्थापन कोषमा विनियोजित बजेटबाट उक्त दायित्व भुक्तानी गर्ने निर्णय गरियो ।